श्री कृषि निर्देशनालय शाखा/सूचना प्रविधि शाखा
वडा कार्यालय/website/facebook page मा
टाँस गर्ने/upload गर्ने।

अनुसूची-२

(दफा २३ को उपदफा (२) सँग सम्बन्धित)

प्रस्ताव आव्हानको सूचना

(कागति सुन्तला मिसनका लागि)

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

2076/10/15

# कृषि ज्ञान केन्द्र, गुल्मी

दोस्रो पटक प्रकाशित मिति: २०७६ माघ १२ गते

चालु आ.व. ०७६।०७७ मा यस कृषि ज्ञान केन्द्र, गुल्मीको स्वीकृत वार्षिक कार्यक्रम अनुसार अभियानमुखी कागति सुन्तला मिसन कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/फार्म/कम्पनी/समूह/सहकारी संस्थाले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०७६ माघ २६ गते र अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) यस कार्यालयमा तपसिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल विवरण

क) अभियानमुखी कागति सुन्तला कार्यक्रम ख) कार्यक्रम सञ्चालन हुने क्षेत्र: गुल्मी जिल्ला ग) बालीको नाम: कागति सुन्तला

घ) अभियानमुखि कागती खेती कार्यक्रमको लागि मापदण्ड:

| सि.नं. | विवरण | कार्यक्रमको लागि न्यूनतम क्षेत्रफल (रोपनी) | अधिकतम अनुदान रकम रु |
|---|---|---|---|
| १ | कृषक एकल वा संयुक्त | २० | एक लाख |
| २ | कृषि फर्म तथा निजी उद्यमी | ४० | दुई लाख |
| ३ | कृषक समूह/ जल उपभोक्ता समिति/ कृषि सहकारी | २०० | दश लाख |

(पुनश्च: अनुदानग्राहीले बढीमा तीनवटा क्लष्टर बनाई कार्यक्रम सञ्चालन गर्न सक्नेछन् । प्रति क्लष्टर कम्तिमा १ हेक्टर क्षेत्रफल जग्गामा बढीमा तीन जनाले भनि यस कार्यक्रममा भाग लिन सक्नेछन्।)।

ङ) पेश गर्नुपर्ने कागजातहरु

१. अनुसूची-३ अनुसारको निवेदन फाराम ।

२. कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको फोटोकपी

३. अनुसूची-४ अनुसारको विस्तृत कार्ययोजना, डिजाइन तथा लागत अनुमान ।

४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको फोटोकपी।

५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

६. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि ।

७. प्रस्तावकको प्रतिवद्धता पत्र (साझेदारी रकम,दोहोरो अनुदान उपलब्ध नभएको)

८. शैक्षिक योग्यता,तालिम,अनुभव,प्रमाण पत्र तथा वैदेशिक रोजगारको अनुभव/फिर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि ।

९. जग्गाको स्वामित्व देखिने कागजात तथा करार सम्झौताको प्रतिलिपि ।

निमित्त कार्यालय प्र

नोट: थप जानकारीको लागि यस केन्द्रको website: www.akcgulmi.gov वा सूचना अधिकारी श्री शिव प्रसाद बन्जाडे (९८६७२९१८२७) सँग सम्पर्क गर्नुहुन ।